स्थानीय सरकार

# मैवाखोला गाउँपालिका

## गाउँ सभाको सचिवालय

साँघु, ताप्लेजुङ
प्रदेश नं १, नेपाल

### गाउँसभाको १५ औं अधिवेशनको पहिलो बैठक

(मिति २०८१ जेष्ठ २५)

सभाको १५ औं आधिवेशनको पहिलो बैठकका कार्यसूचीहरुः

१. अध्यक्षले गाउँसभाको पन्ध्रौं अधिवेशन आव्हान गरेको पत्रको व्यहोरा सभा समक्ष वाचन गरेर जानकारी गराउने ।
२. अधिवेशन सफलताको शुभकामना मन्तव्य ।
३. समसामयिक विषयमा छलफल गर्ने प्रक्रियाको लागि (शून्य) समय निर्धारण ।
४. आगामी आ.व. को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधयेकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा) सभामा प्रस्तुत ।
५. विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा बैठकमा छलफल गरियोस् भन्ने प्रस्ताव र सो उपर छलफल ।

निर्णयहरु

१. अध्यक्षज्यूले गाउँ सभाको अधिवेशन आव्हान गरिएको सूचना वाचन गरेर बैठकको प्रारम्भ भयो ।
२. त्यस्तै कार्यसूचीको दोस्रो नम्बरमा रहेको अधिवेशन सफल्ताको लागि सदस्य श्री राजुमान लिम्बु, सदस्य श्री खगेन्द्र थक्लुङ, सदस्य श्री चन्द्रकुमार तामाङ र सदस्य श्री नरेन्द्र लिम्बु ज्यूहरुले शुभकामना मन्तव्य दिनुभयो ।
३. कार्यसूचीको तेस्रो नम्बरमा रहेको समसामयिक विषय (शून्य समय)मा सदस्य श्री रामकुमार चोङ्वाङ, सदस्य श्री मिङ्मा शेर्पा र सदस्य श्री चनद्रमान लिम्बु ज्यूहरुले आफ्नो भनाईहरु राख्नुभयो र सोको जवाफ अगामी बैठकमा राख्ने गरी बैठकको कार्यसूची अगाडी बढ्यो ।
४. कार्यसूचीको चौथो नम्बरमा रहेको आगामी आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा) सभामा अध्यक्ष ज्यूले तपसिल अनुसार प्रस्तुत गर्नुभयो ।

**गाउँसभाका सदस्य ज्यूहरू,**
**उपस्थित राष्ट्र सेवक कर्मचारीहरू,**

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि बनेको अधिकार सम्पन्न स्थानीय सरकारको यो गौरवमय गाउँसभाको यो बैठकमा सर्वप्रथम राष्ट्रको रक्षा समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक शाशन प्रणाली र मुलुकको सर्वाङ्गीण विकास, समृद्धि साथै अग्रगमनको लागि विभिन्न समयमा भएका ऐतिहासिक

स्थानीय सरकार

# मैवाखोला गाउँपालिका

## गाउँ सभाको सचिवालय

प्रदेश नं. १, नेपाल

### गाउँसभाको १५ औं अधिवेशनको दोस्रो बैठक
### (मिति २०८१ जेष्ठ २९ गते)

**बैठक संख्या: ०२** **समय: ११:०० बजे**

**बैठकको कार्यसूचीहरु:**

१. बैठक प्रारम्भ, कार्यसूची वाचन।
२. समसामयिक विषयमा छलफल (शून्य समयको प्रयोग)।
३. सभाको पहिलो बैठकमा सदस्यहरूले समसामयिक छलफलको क्रममा उठाउनु भएका विषयहरूमा जवाफ प्रस्तुत।
४. आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम उपर छलफल।
५. आ.व. २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता) उपर उठेका जिज्ञासाहरूको जवाफ प्रस्तुत।
६. आ.व. २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता) स्वीकृत गरियोस् भन्ने प्रस्ताव सभामा प्रस्तुत।
७. कार्यपालिकाको निर्णयहरु अनुमोदनका लागि सभामा प्रस्तुत।
८. सभाको अर्को बैठकको सूचना साथै बैठक स्थगन।

**निर्णयहरु:**

१. अध्यक्ष ज्यूले दोस्रो बैठकको कार्यसूची वाचन गरी बैठकको प्रारम्भ भयो।
२. कार्यसूचीको दोस्रो नम्बरमा रहेको समसामयिक विषयमा छलफल गर्ने प्रक्रिया (शून्य समयको प्रयोग) मा सदस्य श्री मिङ्मा शेर्पाले आफ्नो भनाई राख्नु भयो साथै सोको जवाफ आगामी बैठकमा राख्ने गरी बैठकको कार्यसूची अगाडी बढ्यो।
३. कार्यसूचीको तेस्रो नम्बर अनुसार सभाको पहिलो बैठकमा सदस्यहरुले उठाउनु भएको विषयमा कार्यपालिकाको तर्फबाट सदस्य श्री चन्द्र कुमार तामाङले जवाफ दिनुभयो।
४. कार्यसूचीको चौथो नम्बरमा रहेको आगामी आ को वार्षिक नीति तथा कार्यक्रम ८२/२०८१ .व. )विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता) सम्बन्धमा छलफल प्रारम्भ भयो छलफलमा सदस्य श्री रामकुमार चोङ्वाङ, सदस्य श्री चन्द्रमान लिम्बु र मिङ्मा शेर्पा ज्यूहरुले भाग लिनु भयो।
५. कार्यसूचीको पाँचौ नम्बरमा रहेको आ.व. २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता) छलफलमा उठेका जिज्ञासाहरूको जवाफ उपाध्यक्ष श्री कमल कुमारी लिम्बु ज्यूले प्रस्तुत गर्नु भयो।



CamScanner

६. कार्यसूचीको छैटौं नम्बर अनुसार उपाध्यक्ष श्री कमल कुमारी लिम्बु ज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता) स्वीकृत गरियोस् भन्ने प्रस्ताव स्वीकृत भई तपसिल अनुसारको नीति तथा कार्यक्रम सभाबाट सर्वसम्मले पारित भयो।

CamScanner

आज मिति २०८१/०३/२८ गते बिहान ९ बजे मैवाखोला गाउँपालिकाको सभाहलमा प्रदेश नं. १ को गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा १७ को उपदफा (१) अनुसार गठन भएको सहयोग समितिको सभाअध्यक्ष श्री विजय प्रकाश वनेमज्यूको अध्यक्षतामा बसेको बैठकले १५ औं गाउँसभाको चौथो बैठक सञ्चालन सम्बन्धमा तपसिल बमोजिमको निर्णयहरू गरियो।

उपस्थितिहरुः

| क्र.सं. | नाम थर | पद | दस्तखत |
| --- | --- | --- | --- |
| १ | श्री विजय प्रकाश वनेम | सभाअध्यक्ष | |
| २ | कमल कुमारी लिम्बु | उपाध्यक्ष | |
| ३ | श्री लक्ष्मीमाया गोम्देन | सभा सचिव | |
| ४ | श्री चन्द्र कुमार तामाङ | सभासदस्य | |
| ५ | श्री नरेन्द्र लिम्बु | सभासदस्य | |
| ६ | श्री खगेन्द्र थक्लुङ् (लिम्बु) | सभासदस्य | |
| ७ | श्री फूर्बा शेर्पा | सभासदस्य | |
| ८ | श्री केशर लिम्बु | सभासदस्य | |
| ९ | श्री राजुमान लिम्बु | सभासदस्य | |

प्रस्तावहरुः

१, १५ औं गाउँ सभाको चौथो बैठक सञ्चालन सम्बन्धमा।

२, १५ औं गाउँ सभाको चौथो बैठकको शून्य समयको सम्बन्धमा

३, आर्थिक विधेयक र विनियोजन विधेयक सभामा पेश गर्ने सम्बन्धमा।

४, अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन २०८०\ २०८१ सभामा पेश गर्ने सम्बन्धमा।

निर्णयहरुः

४ प्रस्ताव नं. १ माथि छलफल गर्दा अनुशाशित, मर्यादित तथा व्यवस्थित ढङ्गले १५ औं गाउँसभा सञ्चालन गर्न सम्पूर्ण सहयोग समितिका पदाधिकारीहरूले आ-आफ्नो तर्फबाट सहयोग गर्ने सर्वसम्मतले निर्णय गरियो।

५ शून्य समयमा समसामयिक विषयमा उठेका प्रश्नहरूको जवाफ उपाध्यक्ष कमल कुमारी लिम्बूले दिने सर्व सम्मतले निर्णय गरियो।

६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१( १) बमोजिम विनियोजन वेधेयक, २०८१ उपर उठेका प्रश्नहरूको जवाफ १५ औं गाउँ सभाको चौथो बैठकमा कार्यपालिकाका सदस्य श्री चन्द्र कुमार तामाङलाई दिन लगाउने सर्वसम्मतले निर्णय गरियो।

७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१( १) बमोजिम आर्थिक विधेयक २०८१ उपर उठेका प्रश्नहरूको जवाफ १५ औं गाउँ सभाको चौथो बैठकमा कार्यपालिकाका सदस्य श्री कमल कुमारी लिम्बूलाई दिन लगाउने सर्वसम्मतले निर्णय गरियो।

८ अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन सभामा पेंश गर्न समितिका संयोजक श्री चन्द्र कुमार तामाङलाई दिने सर्व सम्मतले निर्णय गरियो।

९ आजको १५ औं गाउँ सभाको चौथो बैठकबाट वर्षे अधिवेशन अन्त्य गर्ने सर्व-सम्मतले निर्णय गरियो।

CamScanner